श्री सर्वोच्च अदालतमा चढाएको

रिट निवेदन–पत्र

विषय: नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम उत्प्रेषण, अधिकारपृच्छा, परमादेश, प्रतिषेधलगायत जो चाहिने उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरी पाऊँ।

गुल्मी जिल्ला, मालिका गाउँपालिका वडा नं. ७ स्थायी ठेगाना भई हाल काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. ४ बस्ने, जगतबहादुर कार्कीको नाति, कृष्णबहादुर कार्कीको छोरा, वर्ष ५४ को नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (प्रहरी संकेत नं. C-00000999, व्यक्तिगत नं. १३७६) दानबहादुर कार्कीको वारेस काठमाडौँ जिल्ला, वडा नं. ११ बबरमहल बस्ने वर्ष २५ को आभास रेग्मी ..... १ रिट निवेदक

विरुद्ध

१. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ १
२. नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौँ १
३. नेपाल प्रहरी, प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ १
४. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयबाट नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बहुवा गरिएका भनिएका प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी., मार्फत प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ १

प्रत्यर्थी

मुद्दा: उत्प्रेषण, अधिकारपृच्छा, परमादेश, प्रतिषेधसमेत।

म रिट निवेदक नेपालको संविधानको धारा १७(२)(च), १८, ३३, ३४, ४६ तथा १३३(२) र (३) बमोजिम यस सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी सर्वोच्च अदालत नियमावली, २०७४ बमोजिम लाग्ने दस्तुर यसैसाथ राखी देहायबमोजिम निवेदन गर्दछु :



मस्यौदाकार : अधिवक्ता सुजाता ढुंगेल

१. निवेदनको संक्षिप्त सार

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०७/२४ को निर्णयबाट मिति २०८२/०७/२७ देखि लागू हुने गरी नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बहुवा नियुक्ति भई प्रहरी नियमावली, २०७१ को नियम १२७ बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा मलाई मन्त्रिपरिषद्को मिति २०८३/०७/१८ को निर्णयले (क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार" पद सिर्जना गरी, (ख) सो पदमा मलाई "खटाई" र (ग) मैले "खटिई रिक्त हुने" भनिएको प्रहरी महानिरीक्षक पदमा प्रत्यर्थी नं. ४ लाई सोही दिनदेखि बहुवा गरिएको छ। उक्त निर्णयमा मलाई हटाउनुपर्ने कुनै कानूनी आधार, कारण वा कार्यविधि उल्लेख छैन; मलाई सूचना, स्पष्टीकरण वा सुनुवाइको अवसर दिइएको छैन; र मेरो सहमति लिइएको छैन। गृह मन्त्रालयको मिति २०८३/०७/१८ को पत्रले मेरो पारिश्रमिक र सेवाका शर्त प्रहरी महानिरीक्षक "सरह" हुने भनेको छ, जसबाट म प्रहरी महानिरीक्षक पदमा नरहेको स्पष्ट हुन्छ। अर्को पदमा "खटाउने" नाममा गरिएको यो निर्णय वास्तवमा पदावधि बाँकी रहेका प्रहरी महानिरीक्षकलाई परोक्ष रूपमा पदमुक्त गर्ने निर्णय हो, जुन प्रत्यक्ष रूपमा गर्न नमिल्ने कार्य परोक्ष रूपमा गर्न पनि नमिल्ने भन्ने यस अदालतको स्थापित सिद्धान्त (हितेन्द्रदेव शाक्य वि. नेपाल सरकार, ०८२-WO-०३६५) र प्रहरी महानिरीक्षकलाई अर्को पदमा नियुक्त गरेको बहानामा हटाउने निर्णय वस्तुनिष्ठ आधारविहीन र बदनियतपूर्ण हुने भन्ने व्याख्या (अच्युतकृष्ण खरेल वि. मन्त्रिपरिषद् सचिवालय समेत, ने.का.प. २०५५, नि.नं. ६६२४) समेतको प्रतिकूल भएकाले बदर गरी मलाई प्रहरी महानिरीक्षक पदमा पूर्ववत् कायम राख्न यो निवेदन गरेको छु।

२. तथ्यगत विवरण

(क) निवेदकको सेवा प्रवेश, बढुवा र सेवा अभिलेख

२.१ म निवेदक मिति २०५४/१२/१८ मा प्रहरी निरीक्षक पदमा नियुक्त भई नेपाल प्रहरीको जनपद समूहमा सेवा प्रवेश गरेको हुँ। त्यसपछि मेरो कार्यसम्पादन, ज्येष्ठता र योग्यताका आधारमा देहायबमोजिम क्रमशः बढुवा भएको हुँ :

(क) प्रहरी नायब उपरीक्षक — मिति २०६६/०८/२६

(ख) प्रहरी उपरीक्षक — मिति २०७४/०४/१९

(ग) प्रहरी वरिष्ठ उपरीक्षक — मिति २०७९/०४/०३

(घ) प्रहरी नायब महानिरीक्षक — मिति २०८१/०२/१३

(ङ) प्रहरी अतिरिक्त महानिरीक्षक — मिति २०८२/०१/११

२.२ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०७/२४ को निर्णयानुसार मलाई मिति २०८२/०७/२७ देखि लागू हुने गरी नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बहुवा नियुक्ति गरिएको व्यहोरा गृह मन्त्रालयको मिति २०८२/०७/२६

Scanned with CamScanner

को पत्र (पत्र संख्या ०८२/०८३, च.नं. प्र.प्र.टि. ९९/४०२) बाट जानकारी गराइएको थियो । उक्त पत्रमा "राष्ट्र तथा नागरिकप्रति सदा इँ कर्तव्यनिष्ठ एवं लगनशील भई नेपाल प्रहरीको गरिमालाई उच्च बनाई राख्न" अपेक्षा गरिएको थियो। सोही मितिदेखि म नेपाल प्रहरी प्रधान कार्यालय, नक्सालमा प्रहरी महानिरीक्षकको रूपमा पदस्थापन भई कार्यरत रहेको छु।

२.३ मैले मानविकी तथा समाजशास्त्र, शिक्षाशास्त्र र कानूनमा स्नातक तथा राजनीतिशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेको छु। सेवा अवधिमा पूर्वी टिमोरस्थित संयुक्त राष्ट्रसंघीय मिसनमा समेत सेवा गरी संयुक्त राष्ट्रसंघ पदक, प्रदेश सेवा पदक, नेपाल सरकारबाट "प्रबल जनसेवाश्री" (मिति २०७५/०६/०३), गण्डकी प्रदेश सरकारबाट प्रशंसापत्रसहित नगद पुरस्कार र अभिलेखमा जनिने गरी पटक–पटक नगद पुरस्कार प्राप्त गरेको छु। मेरो व्यक्तिगत विवरण अनुसार मिति २०६७/१२/२८ मा दिइएको एक नसिहत पुनरावलोकनबाट मिति २०६८/०५/०१ मा बदर भइसकेको छ; मेरो अभिलेखमा कुनै सजाय कायम छैन।

२.४ प्रहरी नियमावली, २०७१ को नियम १२७ ले प्रहरी महानिरीक्षकको पदावधि चार वर्ष तोकेको छ र सोही नियममा उमेर तथा सेवा अवधिका आधारमा हुने अनिवार्य अवकाशको व्यवस्थासमेत छ। सो बमोजिम मेरो अनिवार्य अवकाश हुने मिति ३० वर्षे सेवा अवधिको कारणले करिब १८ महिना बाँकी रहेको छ।

(ख) विवादित निर्णय

२.५ यसै क्रममा नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०८३ कात्तिक १८ गते देहायबमोजिम निर्णय गरेको रहेछ :

"१. वर्तमान परिस्थितिमा मुलुकको शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्नका लागि प्रधानमन्त्रीलाई सुरक्षासम्बन्धी आवश्यक सल्लाह, सुझाव र परामर्श दिन नेपाल प्रहरीको प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पद एक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना गर्ने।

२. प्रकरण १. बमोजिमको विशेष सुरक्षा सल्लाहकार पदमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्कीलाई खटाउने।

३. प्रहरी महानिरीक्षक श्री दान बहादुर कार्की प्रकरण २. बमोजिम प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पदमा खटिई रिक्त हुने प्रहरी महानिरीक्षक पदमा नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी. लाई प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम मिति २०८३ कात्तिक १८ गते देखि लागु हुने गरी बढुवा गर्ने।"

२.६ उक्त निर्णय गर्नुअघि मलाई कुनै सूचना दिइएन, मसँग परामर्श गरिएन, मेरो सहमति लिइएन, मलाई स्पष्टीकरण सोधिएन र सुनुवाइको अवसर दिइएन। निर्णयको जानकारी सुरुमा सञ्चार माध्यमबाट प्राप्त भएको थियो। त्यसपछि गृह मन्त्रालयका सचिवको दस्तखतमा जारी मिति २०८३।०७।१८ को पत्र (पत्र संख्या ०८३/०८४, च.नं. प्र.प्र.टि.

Scanned with CamScanner

७५ विषय: "विशेष सुरक्षा सल्लाहकार पदमा खटाइएको सम्बन्धमा") मलाई प्राप्त भयो। उक्त पत्रमा मलाई मिति २०८३।०७।१८ देखि लागू हुने गरी प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पदमा "खटाइएको" उल्लेख छ। पत्रमा देहायका कार्यक्षेत्रगत शर्त तोकिएका छन्:

"(क) प्रधानमन्त्रीलाई मुलुकको सुरक्षा व्यवस्थासम्बन्धी विषयमा सल्लाह, सुझाव र परामर्श दिने। (ख) पारिश्रमिक र सेवाका शर्तहरू नेपाल प्रहरीको प्रहरी महानिरीक्षकसरह हुने।"

मलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्दा जारी मिति २०८२।०७।२६ को पत्रमा "नेपाल प्रहरीको गरिमालाई उच्च बनाई राख्न" अपेक्षा गरिएको थियो। तर यो पत्रमा "नेपाल सरकारको गरिमालाई उच्च बनाई राख्न" अपेक्षा गरिएको छ। यसरी पत्रले मलाई नेपाल प्रहरीको कमान्ड र जिम्मेवारीबाट अलग गरी केवल सल्लाह दिने भूमिकामा सीमित गरेको छ। मेरो पारिश्रमिक र सेवाका शर्त प्रहरी महानिरीक्षक "सरह" हुने भनिएबाटै म अब प्रहरी महानिरीक्षक नरहेको सरकार स्वयंले स्वीकार गरेको देखिन्छ।

२.७ उक्त निर्णयको प्रकरण ३ मा प्रहरी नियमावली, २०७१ को नियम ४१ उल्लेख भए पनि मलाई प्रहरी महानिरीक्षक पदबाट अलग गर्ने प्रकरण १ र २ का लागि कुनै ऐन, नियम वा कानूनी प्रावधान उल्लेख गरिएको छैन। निर्णयमा मेरो कार्यसम्पादन, आचरण, क्षमता वा योग्यताबारे कुनै कमजोरी वा आरोप उल्लेख छैन। निर्णयको भाषाबाटै देखिन्छ कि नयाँ पद सिर्जना गर्ने, त्यसमा मलाई "खटाउने" र "रिक्त हुने" प्रहरी महानिरीक्षक पदमा अर्को व्यक्तिलाई सोही दिनदेखि बढुवा गर्ने तीनवटै प्रकरण एउटै शृङ्खलाका अंग हुन् र तिनको वास्तविक परिणाम प्रहरी महानिरीक्षक पद खाली गराई प्रत्यर्थी नं. ४ लाई बढुवा गर्नु मात्र हो।

२.८ यस विषयमा उपचारका लागि अन्य कुनै प्रभावकारी वैकल्पिक कानूनी उपचारको व्यवस्था नभएको र विवादित निर्णय नेपाल सरकार, मन्त्रिपरिषद्बाट भएको हुँदा प्रस्तुत रिट निवेदन यस सम्मानित अदालतसमक्ष दायर गरेको छु।

३. <u>विपक्षी नेपाल सरकार मन्त्रिपरिषद बाट गरिएका उक्त निर्णयहरु र तिनका आधारमा गरिएका पत्राचार काम कारवाही उत्प्रेषणले आदेशले बदर भै मलाई मेरो पदावधि भरी मेरो पदमा काम गर्न दिनु भनी परमादेश समेतको आदेश जारीहुनुपर्ने आधारहरु निम्नलिखित रहेका छन :</u>

(क) मन्त्रिपरिषद्को अधिकारक्षेत्र र विवादित निर्णयको कानूनी आधारको अभाव

३.१ नेपालको संविधानको धारा ७५ बमोजिम कार्यकारिणी अधिकार संविधान र कानूनबमोजिम मन्त्रिपरिषदमा निहित हुन्छ। अर्थात् मन्त्रिपरिषद्ले प्रयोग गर्ने प्रत्येक अधिकारको स्रोत संविधान वा कानूनमा देखिनुपर्छ। कानूनले नदिएको अधिकार प्रयोग गरी गरिएको निर्णय अधिकारक्षेत्रविहीन (ultra vires) हुन्छ।

Scanned with CamScanner

३.२ प्रहरी नियमावली, २०७१ को नियम ७ बमोजिम प्रहरी महानिरीक्षक नेपाल प्रहरीको प्रमुख भई ऐन, नियम र मन्त्रालयको निर्देशन तथा नियन्त्रणमा प्रहरी प्रशासन सञ्चालन गर्ने पदाधिकारी हो। सो पदमा नियुक्ति नियम ४१ बमोजिम ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता र मातहतका प्रहरीलाई प्रोत्साहन तथा परिचालन गर्न सक्ने सामर्थ्यका आधारमा हुन्छ भने पदावधि नियम १२७ ले तोकेको छ। यसरी नियुक्ति, पदावधि र अवकाश तीनवटै कानूनद्वारा नियमित पदमा नियुक्त भएपछि सो पदको समाप्ति पनि कानूनद्वारा नै हुनुपर्छ।

३.३ विवादित निर्णयको प्रकरण १ र २ मा कुनै कानूनी प्रावधान उल्लेख छैन। प्रहरी ऐन, २०१२ वा प्रहरी नियमावली, २०७१ मा बहालवाला प्रहरी महानिरीक्षकलाई प्रहरी संगठनबाहिर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिर्जना गरिएको पदमा खटाउन सकिने वा प्रहरी महानिरीक्षकलाई सरुवा गर्न सकिने कुनै व्यवस्था छैन। अच्युत कृष्ण खरेलको मुद्दामा राष्ट्रिय अनुसन्धान विभागको प्रमुख अधिकृत पदमा प्रहरी अधिकृत नियुक्त गर्न सकिने स्पष्ट कानूनी व्यवस्था हुँदाहुँदै पनि सो अधिकार प्रयोग गरी बहालवाला प्रहरी महानिरीक्षकलाई हटाउने निर्णयलाई वस्तुनिष्ठ आधारविहीन र बदनियतपूर्ण ठहर गरिएको थियो। प्रस्तुत मुद्दामा त त्यस्तो कानूनी आधारसमेत छैन; केवल मन्त्रिपरिषद्को निर्णयले नै पद सिर्जना गरी त्यसमा "खटाइएको" छ। तसर्थ प्रस्तुत निर्णय खरेलको मुद्दाभन्दा पनि स्पष्ट रूपमा अधिकारक्षेत्रविहीन छ।

३.४ विवादित निर्णय आफैंमा आत्मविरोधी छ। प्रकरण २ ले मलाई विशेष सुरक्षा सल्लाहकार पदमा "खटाउने" भनेको छ; सेवा कानूनको सामान्य मान्यताअनुसार कुनै पदाधिकारीलाई अन्यत्र खटाउँदा निजको मूल पद रिक्त हुँदैन। तर प्रकरण ३ ले सोही खटाइबाट प्रहरी महानिरीक्षक पद "रिक्त हुने" मानी अर्को व्यक्तिलाई बढुवा गरेको छ। यदि मलाई केवल खटाइएको हो भने प्रहरी महानिरीक्षक पद रिक्त भएको छैन र रिक्त नभएको पदमा नियम ४१ बमोजिम बढुवा गर्ने प्रकरण ३ स्वतः बदरभागी हुन्छ। यदि सो पद रिक्त भएको हो भने मलाई प्रहरी महानिरीक्षक पदबाट हटाइएको हो र त्यसका लागि आवश्यक कानूनी आधार, कारण र कार्यविधि कुनै पनि अवलम्बन नगरिएकाले प्रकरण २ र ३ दुवै बदरभागी हुन्छन्। दुवै अर्थमा विवादित निर्णय कानूनसम्मत ठहरिन सक्दैन।

३.५ पदबाट हटाउनु र अर्को पदमा नियुक्त गर्नु फरक कुरा हुन् र अर्को पदमा नियुक्तिको नाममा परोक्ष रूपमा पदमुक्त गर्न मिल्दैन भन्ने सम्बन्धमा यस अदालतको संयुक्त इजलासले **हितेन्द्रदेव शाक्य वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (रिट नं. ०८२-WO-०३६५, आदेश मिति २०८२।०८।२२)** को मुद्दामा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई जल तथा ऊर्जा आयोगको ऊर्जा विशेषज्ञ सदस्य पदमा नियुक्त गरेको निर्णयका सन्दर्भमा प्रकरण १८ मा देहायबमोजिम व्याख्या गरेको छ :

Scanned with CamScanner

"रिट निवेदकलाई अर्को कुनै पदमा नियुक्ति गर्नु र हाल कायम पदबाट अलग गर्नु दुई पृथक वैधानिक अवस्था हो। निजले स्वेच्छाले स्वीकार गरेको अवस्थामा वाहेक निजलाई आयोगको विज्ञ पदमा नियुक्ति गरिएकै कारण हाल कायम रहेको नेपाल विद्युत प्राधिकरणको कार्यकारी निर्देशक पदबाट नहटाएको भन्नु तथ्यसङ्गत हुने देखिएन। ... वस्तुतः जुन कार्य प्रत्यक्ष रुपमा गर्न मिल्दैन त्यस्तो कार्य परोक्ष रुपमा समेत गर्न मिल्दैन। ... अपितु निजलाई सो पदबाट हटाएको तथ्य निर्विवाद रुपमा स्थापित हुन्छ।"

सो मुद्दामा पनि प्रत्यर्थीहरूले "हटाएको नभई सेवा सुविधा नघट्ने गरी अर्को महत्वपूर्ण पदमा नियुक्त गरिएको" भन्ने जिकिर लिएका थिए; अदालतले सो जिकिर अस्वीकार गरी निर्णय बदर गरेको थियो। प्रस्तुत मुद्दामा पनि मलाई "प्रहरी महानिरीक्षकस्तरको" पदमा खटाइएको भन्ने आधारमा प्रहरी महानिरीक्षक पदबाट नहटाइएको भन्न मिल्दैन। गृह मन्त्रालयको मिति २०८३।०७।१८ को पत्रमा मेरो पारिश्रमिक र सेवाका शर्त प्रहरी महानिरीक्षक "सरह" हुने भनिएको छ। कुनै व्यक्ति कुनै पदमा बहाल रहेको भए त्यस पदको सुविधा "सरह" दिइरहनुपर्दैन। तसर्थ यो शर्तले नै म प्रहरी महानिरीक्षक पदमा नरहेको अर्थात् मलाई सो पदबाट हटाइएको तथ्य स्थापित गर्दछ। सेवासुविधा नघटाइएको भन्ने प्रत्यर्थीको सम्भावित जिकिर हितेन्द्रदेव शाक्यको मुद्दामा अस्वीकार भइसकेको छ।

(ख) निश्चित पदावधि र पदीय सुरक्षाको उल्लंघन

३.६ प्रहरी नियमावली, २०७१ को नियम १२७ ले प्रहरी महानिरीक्षकको पदावधि चार वर्ष तोकेको छ। कानूनले पदावधि तोकेको पदमा नियुक्त व्यक्तिलाई सो अवधिसम्म कानूनबमोजिम काम गर्न पाउने कानूनी हक सिर्जना हुन्छ। हितेन्द्रदेव शाक्यको उपर्युक्त मुद्दामा अदालतले प्रकरण २० मा देहायबमोजिम सिद्धान्त प्रतिपादन गरेको छ :

"कानून बमोजिम चार वर्षको पदावधि तोकि नियुक्ति पाएका यी निवेदकले तोकिएको अवधिसम्म प्रचलित कानूनअनुरुप काम गर्न पाउनु निजको कानूनी अधिकार हो। ... अवधि तोकि नियुक्ति दिईएको अवस्थामा कानूनी प्रक्रियाको अवलम्बन नगरी नियुक्तिकर्ताको इच्छा अनुकूल(Doctrine of pleasure) जहिलेसुकै सो पदबाट हटाउन सक्ने भन्नु कानूनी शासनको मान्यता अनुकूल हुँदैन। नियुक्ति दिने अधिकारीको इच्छासमेत कानून र न्यायका मान्य सिद्धान्तअनुरूप निर्देशित हुनु पर्दछ। कानूनविपरीतको इच्छा राख्ने अधिकार नियुक्ति दिने अधिकारीमा निहित रहेको हुन्छ भन्नु न्याय र कानूनसङ्गत हुँदैन।"

सोही मुद्दाको प्रकरण २१ मा अदालतले यस्तो पदीय सुरक्षा व्यक्तिका लागि नभई सार्वजनिक जिम्मेवारीको पदमा रहेको व्यक्तिले निर्धक्क भई कार्यसम्पादन गर्न सकोस् भन्ने उद्देश्यले विकास गरिएको विधिशास्त्रीय मान्यता भएको उल्लेख गर्दै भनेको छ :

"नियुक्ति गर्ने अधिकारीले हटाउन सक्ने भन्नुको अर्थ त्यस्तो अधिकारीले चाहेको जुनसुकै बखत बिना कारण हटाउन सक्ने भन्ने कदापि हुन सक्दैन। कानून बमोजिम हटाउन सक्ने भन्ने हो। नियुक्ति पाउने पदाधिकारीको

Scanned with CamScanner

नियुक्ति, निजले प्राप्त गर्ने हक अधिकार र सोको समाप्तीसमेत कानूनद्वारा नै हुनुपर्दछ। ... पदावधि किटेर नियुक्त पदाधिकारीलाई कानूनसम्मत आधार र कानूनद्वारा निर्धारित प्रकृयाको पालना नगरी सो अवधि भुक्तान नहुँदै उक्त पदबाट हटाउनु कानून र न्यायको मान्य सिद्धान्त अनुकूल समेत हुने देखिएन।"

उक्त मुद्दामा कार्यकारी निर्देशकको पदावधि विधायिकी ऐनले नभई नेपाल सरकारले तोकेको थियो; तैपनि अदालतले सो पदावधिलाई "कानूनले तोके सरह" मानेको छ (प्रकरण १७)। प्रस्तुत मुद्दामा त प्रहरी महानिरीक्षकको पदावधि कानून (प्रहरी नियमावली, २०७१ को नियम १२७) ले नै तोकेको हुँदा उक्त सिद्धान्त झनै प्रबल रूपमा आकर्षित हुन्छ।

३.७ प्रत्यर्थीहरूले प्रहरी ऐन, २०१२ को दफा ९(२) मा रहेको प्रहरी कर्मचारी नेपाल सरकारको इच्छानुसारको अवधिसम्म बहाल रहने व्यवस्थाको आड लिन सक्छन्। तर अच्युतकृष्ण खरेलको मुद्दामा यस अदालतको विशेष इजलासले सोही दफाको सन्दर्भमा "इच्छा अनुसारको सिद्धान्त (Doctrine of pleasure) को अनियन्त्रित तरिकाले स्वेच्छाचारी भावना बाट प्रयोग गर्नु हुदैन" भनी व्याख्या गरेको छ। त्यसैगरी **राजेश राजकर्णिकार वि. मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प. २०६१, नि.नं. ७४२३)** मा "आफुखुसीको सिद्धान्त (Doctrine of Pleasure) आफुखुसी जे मन लाग्यो सो गर्न सकिन्छ भन्ने पक्कै होइन ... यदि स्वेच्छाचारी, निरङ्कुश एवम् आत्मनिष्ट रुपमा खुसीको प्रयोग गरी कसैलाई गम्भीर रुपमा सिकार वा पीडित बनाएको छ भने त्यस स्थितिमा आफुखुसीको सिद्धान्त लागु नहुने" भनी सिद्धान्त प्रतिपादन भएको छ। साथै, विशेष नियमावलीले पदावधि तोकिसकेपछि त्यो सामान्य इच्छानुसारको व्यवस्थाभन्दा विशेष व्यवस्था हुने हुँदा पदावधिभित्र मनोगत रूपमा हटाउन सकिँदैन।

(ग) वस्तुनिष्ठ आधार र कारणको अभाव, बदनियत र स्वेच्छाचारिता

३.८ प्रस्तुत मुद्दाको तथ्य अच्युतकृष्ण खरेलको मुद्दासँग मिल्दोजुल्दो छ। सो मुद्दामा तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्को मिति २०५३।१२।२१ को निर्णयले बहालवाला प्रहरी महानिरीक्षक अच्युतकृष्ण खरेललाई राष्ट्रिय अनुसन्धान विभागको प्रमुख अधिकृत पदमा नियुक्त गरी सोही दिन प्रहरी अतिरिक्त महानिरीक्षकलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरिएको थियो। **अच्युतकृष्ण खरेल वि. मन्त्रिपरिषद् सचिवालय समेत (ने.का.प. २०५५, अंक ११, नि.नं. ६६२४, विशेष इजलास, फैसला मिति २०५५।०३।१९)** मा यस अदालतले सो प्रस्ताव र निर्णयमा "कानून अनुरुपको वस्तुनिष्ठ आधार रहेको देखिदैन" भनी उल्लेख गर्दै "प्रहरी महानिरिक्षकको पदमा राजनैतिक नियुक्ति हुने पद होइन" भनी स्पष्ट गरेको छ। सोही फैसलाको प्रकरण १९ मा अदालतले भनेको छ:

"प्रहरी फोर्सको प्रमुखको पदमा रहेको व्यक्तिको कार्य सम्पादन क्षमता, उत्तरदायित्व वहन गर्ने खुबी र सम्पूर्ण प्रहरीको नियन्त्रण निर्देशन तथा परिचालन गर्ने क्षमता रहेको भनी नियुक्ति गरेको व्यक्तिलाई सरकार परिवर्तन

Scanned with CamScanner

हुनासाथ उपयुक्त आवश्यकता र औचित्य नदेखाई परिवर्तन गर्नाले प्रहरी सेवाको मनोबल (Moral) मा प्रतिकूल असर पर्ने र प्रहरीको आफ्नो पेशागत गुण (Professional Quality) तथा क्षमता र निपूणता (Capacity and Efficiency) मा प्रतिकूल असर पर्न जाने हुन्छ। साथै कुनै कतैको राजनैतिक कृपाको भरमा प्रहरी प्रशासन निर्भर रहने हो भने प्रहरी सेवाको निष्पक्षता र कर्तव्य परायणतामा ह्रास आई देशको आन्तरिक अमनचैन (Law and Order) को स्थिति, विग्रन जान्छ। यस्तो परम्परा रहेमा भयावह स्थिति उत्पन्न हुने अवस्था आउँछ। ... अवकाश प्राप्त प्रहरी अधिकृत वा सहमतीबाट नियुक्त हुनेबाहेक प्रहरी महानिरीक्षकको पदमा बढुवा पाई निजबाट पेशाको कर्तव्य भै रहेको अवस्थामा बिना कारण प्रहरी महानिरीक्षकको पदबाट प्रमुख अधिकृतको पदमा नियुक्ति गरिनु उपयुक्त नदेखिने।"

सोही फैसलामा अदालतले उक्त निर्णयमा एउटै मात्र कारण अर्को अधिकृतलाई बढुवा गर्नु रहेको देखिएको, अर्को व्यक्तिलाई बढुवा गर्न आवश्यक परेको भन्ने जस्तो सामान्य आधारले योग्य बहालवाला प्रहरी महानिरीक्षकलाई हटाउने निर्णय सद्विवेकपूर्ण र कानूनमा आधारित नदेखिने, र उक्त निर्णय "आधार, कारण र औचित्य विहिन मात्र नभै वदनियतपूर्ण भएकोले" कानूनी राज्यको अवधारणाप्रतिकूल रहेको ठहर गरेको छ। उक्त मुद्दामा फैसला हुनुअघि नै निवेदक प्रहरी महानिरीक्षक पदमा पुनर्बहाल भइसकेकाले अदालतले आदेश जारी गर्नुपर्ने आवश्यकता नदेखे पनि सार्वजनिक महत्त्वको कानूनी प्रश्नमा उपर्युक्त व्याख्या गरेको हो; त्यो व्याख्या संविधानको धारा १२८(४) बमोजिम सबैका लागि बाध्यकारी छ।

३.९ प्रस्तुत निर्णयमा पनि ठीक त्यही अवस्था छ: निर्णयमा मेरो कार्यसम्पादन वा आचरणबारे कुनै आधार उल्लेख छैन; "वर्तमान परिस्थितिमा शान्ति सुरक्षा सुदृढ गर्ने" भन्ने सामान्य र अमूर्त वाक्यबाहेक मलाई प्रहरी महानिरीक्षक पदबाट अलग गर्नुपर्ने कुनै कारण देखाइएको छैन; र निर्णयको एकमात्र प्रत्यक्ष परिणाम प्रत्यर्थी नं. ४ लाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्नु हो। यदि शान्ति सुरक्षा सुदृढ गर्न बहालवाला प्रहरी महानिरीक्षकको अनुभव आवश्यक थियो भने सोही अनुभवी अधिकृतलाई नेपाल प्रहरीको नेतृत्वबाट हटाउनुको कुनै तार्किक सम्बन्ध देखिँदैन। यसरी विवादित निर्णय वस्तुनिष्ठ आधारविहीन, असम्बद्ध विचारमा आधारित र बदनियतपूर्ण (mala fide) छ।

३.१० सार्वजनिक पदाधिकारीलाई पदबाट हटाउँदा आधार र कारण खुलाउनुपर्ने सम्बन्धमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १७ ले निर्णय गर्दा आधार र कारण खुलाउनुपर्ने व्यवस्था गरेको छ। हितेन्द्रदेव शाक्यको मुद्दाको प्रकरण २४ मा उद्धृत गङ्गाधर पराजुली वि. सूचना तथा सञ्चार मन्त्रालय समेत (ने.का.प. २०७४, अंक १०, नि.नं. ९८९६) मा यस अदालतले भनेको छ :

"कानूनबमोजिम स्थापना वा गठन हुने सार्वजनिक निकायहरूमा सार्वजनिक जिम्मेवारी निर्वाह गर्नुपर्ने पदाधिकारी नियुक्ति गर्नु सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को परिधिभित्रसमेत पर्ने हुँदा

Scanned with CamScanner



राज्यकोषमा दायित्व पर्ने गरी कुनै पनि पदमा कसैलाई नियुक्ति दिई निजले कार्य आरम्भ गरिसकेको अवस्थामा निजलाई त्यस्तो पदबाट हटाउँदा निर्णयकर्ताले आधार र कारण खोली पारदर्शिता र इमान्दारिता प्रष्ट देखिने गरी गर्नुपर्नेमा विना कुनै आधार र कारण कुनै सार्वजनिक पदमा कार्यरत पदाधिकारीलाई विना कुनै तथ्ययुक्त आधार, कारण वा कसुर आत्मनिष्ठरूपमा हटाउनु न्यायको रोहमा स्वीकार्य नहुने।"

त्यसैगरी हितेन्द्रदेव शाक्यकै मुद्दामा "कुनै पनि निर्णय वा परिणाम सो निर्णय गर्दा अबलम्बन गरिएको प्रकृया वा कार्यविधिद्वारा पुष्टि हुन आवश्यक हुन्छ" (प्रकरण २२) र "मिसिलको मुहार (On the Face of Record) बाटै स्वेच्छाचारी देखिएका यस्ता निर्णय तथा कामकारबाहीहरू कानून र न्यायको रोहमा कायम रहन सक्ने देखिएन" (प्रकरण २३) भनिएको छ। प्रस्तुत निर्णय पनि मिसिलको मुहारबाटै आधार र कारणविहीन देखिन्छ।

३.११ प्रहरी महानिरीक्षक पदसम्बन्धी निर्णयमा तजबिजी अधिकार वस्तुनिष्ठ रूपमा प्रयोग हुनुपर्ने विषयमा यस अदालतको बृहत् पूर्ण इजलासले नवराज सिलवाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (ने.का.प. २०७३, अंक १२, नि.नं. ९७२३, फैसला मिति २०७३।१२।०८) मा नियम ४१ का मापदण्डहरू मनोगत सन्तुष्टिमा नभई वस्तुनिष्ठ रूपमा मूल्याङ्कन गरी निर्णयमा अभिव्यक्त हुनुपर्ने, सरकारको "उपयुक्त देखेको" भन्ने अधिकार पनि वस्तुनिष्ठ र स्वच्छ रूपमा प्रयोग हुनुपर्ने, र ज्येष्ठताको अनुचित अवमूल्यनले स्वेच्छाचारिता निम्त्याई सुरक्षा निकायको आदेश शृङ्खला (Chain of Command) कमजोर बनाउने भनी व्याख्या गरेको जुन पदमा नियुक्ति गर्दा नै यति वस्तुनिष्ठता आवश्यक पर्छ, त्यस्तो पदबाट हटाउँदा त्योभन्दा कम कठोर मापदण्ड लागू हुन सक्दैन।

३.१२ सर्वोच्च अदालतबाट रविप्रताप राणा समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत (ने.का.प. २०७०, नि.नं. ९०३२) मा "कानूनको शासनमा तजबिजी अधिकारलाई समन्यायिक, निष्पक्ष र सन्तुलित ढङ्गले प्रयोग गर्नु पर्ने र त्यस्तो गरेको देखिनु पर्ने हुन्छ" भनी व्याख्या भएको छ। अनियन्त्रित तजबिजका सम्बन्धमा United States v. Wunderlich, 342 U.S. 98 (1951) मा न्यायाधीश Douglas को असहमतिको राय (dissenting opinion) मा व्यक्त "Where discretion is absolute, man has always suffered. ... Absolute discretion is a ruthless master." भन्ने भनाइ पनि यहाँ सान्दर्भिक छ। त्यसैगरी Council of Civil Service Unions v. Minister for the Civil Service [1985] AC 374 मा Lord Diplock ले न्यायिक पुनरावलोकनका आधारका रूपमा गैरकानूनीपन (illegality), अतार्किकता (irrationality) र कार्यविधिगत त्रुटि (procedural impropriety) पहिचान गर्दै भविष्यमा समानुपातिकता (proportionality) समेत आधार बन्न सक्ने उल्लेख गरेका छन्। विवादित निर्णय यी चारवटै कसीमा असफल छ।



Scanned with CamScanner

(घ) सहमतिविना संगठनबाहिरको पदमा खटाउन नमिल्ने

३.१३ हितेन्द्रदेव शाक्यको मुद्दाको प्रकरण १८ ले पदाधिकारीले "स्वेच्छाले स्वीकार गरेको अवस्थामा बाहेक" अर्को पदमा नियुक्तिलाई हालको पदबाट नहटाएको मान्न नमिल्ने भनेको छ भने खरेलको मुद्दाले पनि "सहमतीबाट नियुक्त हुने" अवस्थालाई अपवादका रूपमा मात्र स्वीकार गरेको छ। मैले विशेष सुरक्षा सल्लाहकार पद स्वीकार गर्ने सहमति दिएको छैन, मलाई सोधिएको पनि छैन। तसर्थ मेरो सहमतिविना प्रहरी संगठनबाहिरको पदमा खटाई प्रहरी महानिरीक्षक पद रिक्त भएको मान्न मिल्दैन।

(ङ) प्राकृतिक न्याय र कानूनी कार्यविधिको उल्लंघन

३.१४ विवादित निर्णयलाई प्रत्यर्थीहरूले विभागीय कारबाही नभई "जिम्मेवारी हेरफेर" भन्न सक्छन्। तर दुवैमध्ये जुनसुकै अर्थमा पनि निर्णय टिक्दैन। यदि यो मेरो कार्यसम्पादन वा आचरणका आधारमा गरिएको कारबाही हो भने प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ बमोजिम आरोप खुलाई स्पष्टीकरण सोधी सफाइको मौका दिनुपर्ने कार्यविधि पूर्ण रूपमा उल्लंघन भएको छ। यदि यो कारबाही होइन भने पदावधि बाँकी रहेको प्रहरी महानिरीक्षकलाई हटाउने कुनै कानूनी आधारै देखाइएको छैन, जसका कारण हितेन्द्रदेव शाक्यको मुद्दाको प्रकरण १९ देखि २१ सम्मको सिद्धान्तअनुसार निर्णय स्वतः बदरभागी हुन्छ। कानूनद्वारा सिर्जित पदावधिको हक समाप्त हुने गरी गरिएको निर्णयले निवेदकको कानूनी हैसियतमा गम्भीर प्रतिकूल असर पार्ने हुँदा कुनै पनि अवस्थामा आधार र कारण जानकारी पाउने तथा सुनुवाइको न्यूनतम अवसर पाउने निवेदकको हक प्राकृतिक न्यायको सिद्धान्तले सुनिश्चित गर्दछ।

(च) वैध अपेक्षा (Legitimate Expectation) को संरक्षण

३.१५ हितेन्द्रदेव शाक्यको मुद्दाको प्रकरण २० मा कानूनबमोजिमको नियुक्तिले "तोकिएको अवधिसम्म प्रचलित कानूनअनुरूप कार्य गर्न पाउने हक सृजना हुनुका साथै तलब भत्ता आदि सुविधा पाउने वैध अपेक्षा समेत सृजना गर्छ" भनिएको छ। प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम बढुवा भई नियम १२७ बमोजिमको पदावधि बाँकी रहेको मैले सो अवधिसम्म प्रहरी महानिरीक्षकको जिम्मेवारी निर्वाह गर्न पाउने वैध अपेक्षा राख्नु स्वाभाविक र कानूनसम्मत छ। विधायिकी तथा प्रत्यायोजित कानूनद्वारा सिर्जित यस्तो अपेक्षालाई कुनै सार्वजनिक हित वा कानूनी आधार नदेखाई अचानक खण्डित गर्नु स्वेच्छाचारी हुन्छ।

(छ) प्रहरी संगठनको संस्थागत निष्पक्षता, नेतृत्वको स्थिरता र आदेश शृङ्खला

३.१६ प्रहरी महानिरीक्षकको पद कुनै व्यक्तिको व्यक्तिगत सुविधा वा सरकारको राजनीतिक सुविधाअनुसार प्रयोग गरिने पद नभई नेपाल प्रहरीको संगठनात्मक नेतृत्व, संस्थागत निरन्तरता, व्यावसायिक निष्पक्षता र कानून कार्यान्वयनको सर्वोच्च जिम्मेवारी भएको पद हो। खरेलको मुद्दामा अदालतले औंल्याएझैं प्रहरी नेतृत्वलाई राजनीतिक कृपामा

Scanned with CamScanner

निर्भर बनाउँदा प्रहरी सेवाको निष्पक्षता, मनोबल र देशको आन्तरिक शान्ति सुरक्षामा प्रतिकूल असर पर्छ। विवादित निर्णयले "प्रहरी महानिरीक्षकस्तर" का दुई पदाधिकारी सिर्जना गरी एकजना प्रहरी संगठनबाहिर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र अर्को प्रहरी प्रधान कार्यालयमा राखेको छ, जसले नेपाल प्रहरीको पदीय सोपान (Hierarchy) र आदेश शृङ्खला (Chain of Command) मा अन्योल सिर्जना गर्छ। यो प्रश्न मेरो व्यक्तिगत पदसँग मात्र नभई नेपाल प्रहरीको संस्थागत स्वायत्तता र कानूनी शासनसँग सम्बन्धित सार्वजनिक सरोकारको संवैधानिक प्रश्न पनि हो।

(ज) प्रत्यर्थी नं. ४ को बढुवाको वैधता र अधिकारपृच्छा

३.१७ प्रहरी नियमावली, २०७१ को नियम ४१ बमोजिम बढुवा गर्न प्रहरी महानिरीक्षकको पद कानूनबमोजिम रिक्त भएको हुनुपर्छ। माथि प्रकरण ४.४ मा उल्लेख गरेबमोजिम मलाई केवल "खटाइएको" अवस्थामा सो पद रिक्त भएको छैन, र हटाइएको अर्थ लगाए पनि सो हटाइ गैरकानूनी भएकाले त्यसबाट वैध रिक्तता सिर्जना हुँदैन। गैरकानूनी निर्णयबाट सिर्जित रिक्ततामा गरिएको बढुवा पनि स्वतः गैरकानूनी हुन्छ। तसर्थ प्रत्यर्थी नं. ४ कुन कानूनी अख्तियारीले प्रहरी महानिरीक्षक पदमा बहाल छन् भनी अधिकारपृच्छाको आदेश जारी हुनुपर्छ। यो निवेदन प्रत्यर्थी नं. ४ को व्यक्तिगत योग्यतामाथिको प्रश्न नभई बढुवाका लागि आवश्यक कानूनी पूर्वशर्त (रिक्त पद) नै नभएको विषयमा केन्द्रित छ।

(झ) मौलिक हक तथा कानूनी हकको उल्लंघन

३.१८ विवादित निर्णयले धारा १८ बमोजिमको कानूनको समान संरक्षणको हक हनन गरेको छ, किनकि कानूनले पदावधि र अवकाशका आधार तोकेको पदबाट कानूनी आधारबिना मलाई मात्र भेदभावपूर्ण र स्वेच्छाचारी रूपमा अलग गरिएको छ। साथै धारा १७(२)(च) बमोजिम पेशा तथा रोजगार गर्ने स्वतन्त्रता, धारा ३३ बमोजिम रोजगारीको हक र धारा ३४ बमोजिमको श्रमसम्बन्धी हकमा समेत आघात परेको छ। प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०७१ बमोजिम प्राप्त पदावधि र सेवाका शर्तसम्बन्धी कानूनी हक पनि हनन भएको छ। यी हकको प्रचलनका लागि अन्य प्रभावकारी उपचारको व्यवस्था नभएकाले धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुन्छ।

४. अन्तरिम आदेशको माग र त्यसको आधार

४.१ सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेशका लागि देहायका आधार विद्यमान छन् :

Scanned with CamScanner

(क) प्रथम दृष्टिमा बलियो आधार (Prima facie case): विवादित निर्णयको प्रकरण १ र २ मा कुनै कानूनी आधार उल्लेख छैन, निर्णय आत्मविरोधी छ, र हितेन्द्रदेव शाक्य तथा अच्युतकृष्ण खरेलका मुद्दामा प्रतिपादित सिद्धान्त प्रत्यक्ष रूपमा आकर्षित हुन्छन्।

(ख) अपूरणीय क्षति: प्रहरी महानिरीक्षकको पदावधि सीमित र निश्चित छ। निवेदन विचाराधीन रहँदा बितेको पदावधि पछि फिर्ता हुन सक्दैन; पदावधि सकिएपछि अन्तिम आदेश निष्प्रभावी हुन सक्छ। साथै प्रत्यर्थी नं. ४ ले प्रहरी महानिरीक्षकको हैसियतमा गर्ने सरुवा, बढुवा सिफारिस, परिचालनजस्ता निर्णयले प्रहरी संगठनमा दीर्घकालीन र अपरिवर्तनीय असर पार्न सक्छन्।

(ग) सुविधा सन्तुलन र सार्वजनिक हित: कानूनबमोजिम नियुक्त प्रहरी महानिरीक्षकलाई पूर्ववत् कायम राख्दा प्रत्यर्थीहरूलाई कुनै कानूनी हानि हुँदैन; बरु दुई "प्रहरी महानिरीक्षकस्तर" का पदाधिकारी रहँदा आदेश शृङ्खलामा उत्पन्न अन्योल अन्त्य भई प्रहरी संगठनको स्थिरता कायम हुन्छ।

४.२ तसर्थ प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयको प्रकरण २ र ३ तथा सोका आधारमा भएका कामकारबाही कार्यान्वयन नगर्नु नगराउनु, निवेदकलाई प्रहरी महानिरीक्षक पदमा रही कामकाज गर्न दिनु, प्रत्यर्थी नं. ४ लाई प्रहरी महानिरीक्षकको हैसियतमा कुनै काम कारबाही गर्न नदिनु भनी प्रत्यर्थीहरूका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ।

५. मागदाबी

माथि उल्लिखित तथ्य, संवैधानिक तथा कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम देहायबमोजिमको आदेश जारी गरी पाऊँ :

५.१ उत्प्रेषण: नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयको प्रकरण २ (निवेदकलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पदमा खटाउने) र प्रकरण ३ (प्रत्यर्थी नं. ४ लाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने), सो निर्णयको प्रकरण १ बमोजिम सिर्जित पदमा निवेदकलाई खटाउने हदसम्म सो प्रकरण, तथा सोका आधारमा जारी पत्र, पदस्थापन, पदबहाली, दर्ज्यानी चिह्न प्रदानलगायत सम्पूर्ण निर्णय र कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ।

५.२ अधिकारपृच्छा: प्रत्यर्थी नं. ४ डा. मनोज कुमार के.सी. कुन कानूनी अख्तियारीले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बहाल हुनुहुन्छ भनी अधिकारपृच्छाको आदेश जारी गरी पाऊँ।

५.३ परमादेश: निवेदकलाई प्रहरी नियमावली, २०७१ को नियम १२७ बमोजिमको पदावधि पूरा नहुँदासम्म नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा पूर्ववत् कायम राखी सो पदको जिम्मेवारी निर्वाह गर्न दिनु दिलाउनु, निवेदकको

Scanned with CamScanner



सेवा निरन्तर कायम रहेको मानी विवादित निर्णयपूर्वको कानूनी हैसियत, अभिलेख, तलब भत्ता तथा सेवासुविधा पुनःस्थापित गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी गरी पाऊँ।

५.४ प्रतिषेध: निवेदकलाई प्रहरी महानिरीक्षक पदबाट कानूनबमोजिमको आधार र कार्यविधि अवलम्बन नगरी हटाउने, अन्यत्र खटाउने वा पदावधि अगावै अवकाश दिने तथा सो पदमा अन्य व्यक्तिलाई नियुक्त वा बढुवा गर्ने कार्य नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश जारी गरी पाऊँ।

५.५ माथि प्रकरण ५ बमोजिम अन्तरिम आदेश तथा सुनुवाइमा अग्राधिकार प्रदान गरी पाऊँ।

५.६ यसबाहेक न्यायको रोहमा आवश्यक र उपयुक्त देखिने अन्य जो चाहिने आज्ञा, आदेश वा पुर्जीसमेत जारी गरी पाऊँ।

६. अन्य व्यहोरा

६.१ यस विषयमा समानान्तर क्षेत्राधिकार भएको उच्च अदालत वा अन्य कुनै अदालतमा रिट निवेदन दिएको छैन।

६.२ यो निवेदन तयार गर्दा कानून व्यवसायी नियुक्त गरेको छैन। पछि नियुक्त हुने कानून व्यवसायीले गर्ने बहस पैरवी र पेस गर्ने नजिरसमेतलाई यस निवेदनको अभिन्न अंग मानी पाऊँ।

६.३ यो निवेदन दर्ता गर्न लाग्ने दस्तुर यसैसाथ पेस गरेको छ।

६.४ यस निवेदनसाथ देहायका कागजातका प्रतिलिपि संलग्न गरेको छु :

(१) निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र १

(२) वारेसनामा तथा वारेसको परिचयपत्र १

(३) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णय १

(४) नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०७।२४ को निर्णय र गृह मन्त्रालयको मिति २०८२।०७।२६ को बढुवा नियुक्ति पत्र (च.नं. प्र.प्र.टि. ९९/४०२) १

(४क) गृह मन्त्रालयको मिति २०८३।०७।१८ को पत्र (पत्र संख्या ०८३/०८४, च.नं. प्र.प्र.टि. ७५/६५१) विशेष सुरक्षा सल्लाहकार पदमा खटाइएको सम्बन्धमा १

(५) प्रहरी प्रधान कार्यालय, कर्मचारी प्रशासन शाखाबाट मिति २०८३।०७।१८ लिईएको निवेदकको व्यक्तिगत विवरण..... १

७. यसमा लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानूनबमोजिम सहुँला बुझाउँला।



निवेदक

निज वा. आभास रेग्मी

इति संवत् २०८३ साल कात्ति १९ गते रोज ५ शुभम् ..... ।

Scanned with CamScanner

श्री सर्वोच्च अदालतमा पेश गरेको

सार-संक्षेपीकरण

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (प्रहरी संकेत नं. C-00000999, व्यक्तिगत नं. १३७६) दान बहादुर कार्कीको वारेश काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ११ बबरमहल बस्ने वर्ष २५ को आभास रेग्मी.....१ — निवेदक

विरुद्

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत .....४ — प्रत्यार्थी

मुद्दा : उत्प्रेषण समेत

प्रस्तुत रिट निवेदन निम्न तथ्य, कानुनी आधार, नजिर सिद्धान्त तथा स्थापित न्यायिक मान्यताका आधारमा खारेजभागी रहेको छ।

१. तथ्यगत व्यहोराः

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।०७।२४ को निर्णयबाट मिति २०८२।०७।२७ देखि लागू हुने गरी नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति भई प्रहरी नियमावली, २०७१ को नियम १२७ बमोजिमको पदावधि बाँकी रहेकै अवस्थामा मलाई मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयले (क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा "प्रहरी महानिरीक्षकस्तरको प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार" पद सिर्जना गरी, (ख) सो पदमा मलाई "खटाई", र (ग) मैले "खटिई रिक्त हुने" भनिएको प्रहरी महानिरीक्षक पदमा प्रत्यर्थी नं. ४ लाई सोही दिनदेखि बढुवा गरिएको छ। उक्त निर्णयमा मलाई हटाउनुपर्ने कुनै कानूनी आधार, कारण वा कार्यविधि उल्लेख छैन; मलाई सूचना, स्पष्टीकरण वा सुनुवाइको अवसर दिइएको छैन; र मेरो सहमति लिइएको छैन। गृह मन्त्रालयको मिति २०८३।०७।१८ को पत्रले मेरो पारिश्रमिक र सेवाका शर्त प्रहरी महानिरीक्षक "सरह" हुने भनेको छ, जसबाट म प्रहरी महानिरीक्षक पदमा नरहेको स्पष्ट हुन्छ। अर्को पदमा "खटाउने" नाममा गरिएको यो निर्णय वास्तवमा पदावधि बाँकी रहेका प्रहरी महानिरीक्षकलाई परोक्ष रूपमा पदमुक्त गर्ने निर्णय हो, जुन प्रत्यक्ष रूपमा गर्न नमिल्ने कार्य परोक्ष रूपमा गर्न पनि नमिल्ने भन्ने यस अदालतको स्थापित सिद्धान्त (हितेन्द्रदेव शाक्य वि. नेपाल सरकार, ०८२-WO-

Scanned with CamScanner

०३६५) र प्रहरी महानिरीक्षकलाई अर्को पदमा नियुक्त गरेको बहानामा हटाउने निर्णय वस्तुनिष्ठ आधारविहीन र बदनियतपूर्ण हुने भन्ने व्याख्या (अच्युतकृष्ण खरेल वि. मन्त्रिपरिषद् सचिवालय समेत, ने.का.प. २०५५, नि.नं. ६६२४) समेतको प्रतिकूल भएकाले बदर गरी मलाई प्रहरी महानिरीक्षक पदमा पूर्ववत् कायम राख्न यो निवेदन गरेको छु।

२. मागदाबी

नेपालको संविधानको धारा ४६ तथा १३३(२) र (३) बमोजिम देहायबमोजिमको आदेश जारी गरी पाऊँ :

क. अन्तरिम आदेशः प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयको प्रकरण २ र ३ तथा सोका आधारमा भएका कामकारबाही कार्यान्वयन नगर्नु नगराउनु, निवेदकलाई प्रहरी महानिरीक्षक पदमा रही कामकाज गर्न दिनु, डा. मनोज कुमार केसीलाई प्रहरी महानिरीक्षकको हैसियतमा कुनै काम कारबाही गर्न नदिनु भनी प्रत्यर्थीहरूका नाममा अन्तरिम आदेश जारी गरी पाऊँ।

ख. उत्प्रेषणः नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८३।०७।१८ को निर्णयको प्रकरण २ (निवेदकलाई प्रधानमन्त्रीको विशेष सुरक्षा सल्लाहकार पदमा खटाउने) र प्रकरण ३ (डा. मनोज कुमार के.सीलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने), सो निर्णयको प्रकरण १ बमोजिम सिर्जित पदमा निवेदकलाई खटाउने हदसम्म सो प्रकरण, तथा सोका आधारमा जारी पत्र, पदस्थापन, पदबहाली, दर्ज्यानी चिह्न प्रदानलगायत सम्पूर्ण निर्णय र कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरी पाऊँ।

ग. अधिकारपृच्छाः डा. मनोज कुमार के.सी. कुन कानूनी अख्तियारीले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा बहाल हुनुहुन्छ भनी अधिकारपृच्छाको आदेश जारी गरी पाऊँ।

घ. परमादेशः निवेदकलाई प्रहरी नियमावली, २०७१ को नियम १२७ बमोजिमको पदावधि पूरा नहुँदासम्म नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा पूर्ववत् कायम राखी सो पदको जिम्मेवारी निर्वाह गर्न दिनु दिलाउनु, निवेदकको सेवा निरन्तर कायम रहेको मानी विवादित निर्णयपूर्वको कानूनी हैसियत, अभिलेख, तलब भत्ता तथा सेवासुविधा पुनःस्थापित गर्नु गराउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी गरी पाऊँ।

३. लेखिएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहूँला बुझौंला।

सारसंक्षेपीकरण प्रस्तुतकर्ता

नि.वा. आभास रेग्मी

इति सम्वत २०८३ साल कार्तिक महिना १९ गते रोज ५ शुभम.....।

Scanned with CamScanner